



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क २९७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर २ गते बिहीबार ❑ 18 Nov. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## पोखरालाई पर्यटनको राजधानी बनाउन प्रदेश सरकारको प्रस्ताव

**पोखरापत्र संवाददाता**
**पोखरा, १ मंसिर**

गण्डकी प्रदेश सरकारले पोखरालाई पर्यटनको राजधानीको रुपमा घोषणा गर्न प्रस्ताव गरेको छ।

प्रदेश सरकारको हालै बसेको मन्त्रिपरिषद बैठकले उक्त प्रस्ताव गरेको प्रदेश प्रदेश सरकारका प्रवक्ता एवं भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्याबस्था मन्त्री कुमार खड्काले बताए । पोखरामा पर्यटनको सम्भावना भएको जसले गर्दा यहाँ पर्यटन प्रबर्द्धन गर्दै पर्यटन पुनः उत्थानको लागि पनि प्रदेश सरकारले संघिय सरकार समक्ष प्रदेशको राजधानि पोखरालाई पर्यटनको राजधानिको रुपमा घोषणा गर्न प्रस्ताव पेश गरेको प्रवक्ता खड्काले जनाए। बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा मत्रिपरिषदको निर्णय सार्वजनिक गर्दै प्रवक्ता खड्काले पर्यटनको राजधानी घोषणा गर्न आवश्यक मापदण्ड बनाउन प्रदेशको पर्यटन मन्त्रालयलाई जिम्मेवारी समेत दिएको जनाए।

अघिल्लो सरकारले यस अघि नै प्रदेशको राजधानि पोखरालाई पर्यटनको समेत राजधानी घोषणा गर्न पेश गरिएको प्रस्ताव खासै निर्णय नभएको अबस्थामा पुनः किन त्यही प्रस्ताव भन्ने पत्रकारको प्रश्नमा उनले पहिलो सरकारले उक्त निर्णय गरे पनि कार्यान्वयन नभएकोले अब आफुहरुले कार्यान्वयन हुने गरी अघि बढाउने दाबी गरे । अघिल्लो सरकारले यही निर्णय पेश भएको कर्मचारीबाट र बाहिर धेरै चर्चा नभएर आफुहरु यस बिषयमा अनविज्ञ भएको उनको भनाई थियो । यसअघि नेकपा एमाले पृथ्वीसुब्बा गुरूङ नेतृत्वको सरकारले पनि पोखरालाई पर्यटनको राजधानी घोषणा गर्न संघीय सरकार समक्ष प्रस्ताव पेश गरेको थियो । हिजोआज पोखराको परिचय दिदा अधिकांश ठाँउहरुमा भने पोखरालाई देशको पर्यटकीय राजधानीको रुपमा उल्लेख गर्दै आएको पाइन्छ।

विभिन्न दातृ निकायसँग सहकार्य गर्न आवश्यक सहमति दिन समेत संघीय सरकारसँग अनुरोध गरेको छ । प्रदेश सरकारसंग सहकार्य गरेर पर्यटन प्रवर्द्धनमा साझेदारी गर्न अन्तर्राष्ट्रिय संस्थाहरूले रूचि देखाएकोले संघीय सरकारले स्वीकृति नदिँदा काम रोकिएको उनले जनाए।

प्रदेशका सबै कार्यालय र मन्त्रालयलाई डिजिटलाइज्ड गर्ने, डाटा केन्द्र बनाउने, विपन्नहरूलाई निःशुल्क कम्प्युटर तालिम दिने लगायतका कार्यक्रम रहेको प्रवक्ता खड्काले बताए। कोरोलादेखि त्रिवेणीको बाटो स्तरोउन्नती गर्ने अभियान अर्न्तगत झ्यालबास डेढ गाउँ सडक सवै भन्दा महत्वपूर्ण सडक भएकोले यसै बर्ष ४० करोडको ठेक्का प्रकृया अघि बढेको मन्त्री खड्काले जनाए। प्रदेशको गौरवको योजना चिन देखि भारत जोड्ने सडक भएको उनले दाबी गरे।

## सभापति पदमा लड्छु- महामन्त्री डा कोइराला

**रासस**
**काठमाडौं, १ मंसिर**

नेपाली कांग्रेसका महामन्त्री डा शशाङ्क कोइरालाले पार्टीको आगामी १४औं महाधिवेशनमा पार्टी सभापतिमा लड्ने घोषणा गर्नुभएको छ।

बुधबार सङ्खुवासभा आउने क्रममा तुम्लिङटार विमानस्थलमा पत्रकारसँग कुरा गर्दै महामन्त्री कोइरालाले १४ औं महाधिवेशनमा पार्टी सभापतिमा लड्ने बताउनुभयो।

पार्टी सभापति पदका लागि आफू बलियो उम्मेदवार भएको उहाँको भनाइ थियो । उहाँले सभापति पदका लागि उम्मेदवारीको औपचारिक घोषणा चाँडै गर्ने बताउनुभयो। महामन्त्रीगठबन्धन चुनाव अघिसम्म मात्रै रहने बताउनुभयो । उहाँले भन्नुभयो, "आगामी चुनावमा कुनै पार्टीसँग तालमेल हुँदैन, आगामी चुनावमा अन्य पार्टीसँग गठबन्धन गर्ने विषयमा कांग्रेसले सहमति गरेको छैन।"

नेपाली कांग्रेसले वर्तमान सत्ता गठबन्धनका लागि मात्रै सहकार्य गरेको उहाँको भनाइ थियो । कोइरालाले आगामी निर्वाचनपछि कांग्रेसले बहुमतको सरकार बनाउने दाबी गर्नुभयो । एक्लै चुनाव लड्दा पनि आगामी चुनावमा कांग्रेसले बहुमत ल्याउने उहाँको भनाइ थियो।

## कास्की काँग्रेसले रोक्यो भड्किलो प्रचार

**पोखरापत्र संवाददाता**
**पोखरा, १ मंसिर**

नेपाली काँग्रेस कास्कीले अधिवेशनको बेला हुने भड्किलो प्रचारलाई रोक लगाएको छ।

कास्की काँग्रेसका सभापति कृष्ण केसीको अध्यक्षतामा मङ्गलबार बसेको बैंठकले त्यस्तो निर्णय गरेको हो। यो निर्णयसँगै अब कुनै पनि उम्मेद्वारले भड्किलो गरी प्रचार सामग्रीको प्रयोग गर्न नपाउने कास्की काँग्रेसका प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो । उम्मेद्वारले आफ्नो परिचयका लागि व्यक्तिगत रुपमा एउटा मात्रै सामग्री घाँटीमा झुन्ड्याउन सक्ने छन्, प्रवक्ता सिग्देलले भन्नुभयो, त्यसबाहेकका भड्किलो गरी अन्य प्रचार सामग्रीको प्रयोग गर्न पाइने छैन।

त्यस्तै, निर्वाचनस्थलमा उम्मेद्वारसँग सम्वन्धित प्लेकार्ड र पर्चा वितरण गर्न पनि पाइने छैन भने व्यानर प्रदर्शनलाई समेत रोक लगाइएको छ । पार्टीको आन्तरीक निर्वाचनलाई स्वच्छ, मर्यादीत र भड्किलोरहित बनाउन पार्टीले त्यस्तो निर्णय गरेको प्रवक्ता सिग्देलको भनाइ छ।

बैठकले कार्यसमितिका ११ जना आमन्त्रित सदस्यलाई पूर्ण सदस्यमा मनोनयन गरेको छ।

## जारी भयो विद्युतीय राहदानी

**रासस**
**काठमाडौं, १ मंसिर**

सरकारले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँगको सहकार्य र समन्वयमा विद्युतीय राहदानी जारी गरेको छ।

परराष्ट्रमन्त्री डा नारायण खड्काले बुधबार यहाँ आयोजित एक कार्यक्रममा संस्कृतिविद् सत्यमोहन जोशीलाई पहिलो विद्युतीय राहदानी हस्तान्तरण गर्नुभयो । साथै उहाँले शताब्दी पुरुषको उपमा पाउनुभएका जोशीलाई अभिनन्दन पनि गर्नुभयो।

राहदानी विभागले आयोजना गरेको उक्त कार्यक्रममा मन्त्री खड्काले अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनको मापदण्डानुसार सुरक्षाका सबै विशेषता समेटिएको गुणस्तरीयराहदानीजारीगरिएको बताउनुभयो । समयबद्धरूपमा विदेशस्थित नेपाली नियोग र सबै जिल्ला प्रशासन कार्यालयबाट विद्युतीय राहदानी जारी गरिने जानकारी पनि परराष्ट्रमन्त्रीले दिनुभयो।

दुई दिनअघि राष्ट्रिय परिचयपत्र पाउनुभएका जोशीले राणाकालमा तत्कालीन लङ्का र हालको श्रीलङ्का यात्रा आफूले 'जो जससँग सम्बन्धित छ' सिफारिसका आधारमा गरेको, २००७ सालमा मुन्सिखानाबाट पहिलोपटक राहदानी लिएको तथा श्रीमतीको राहदानीमा आफ्ना दुई सन्तानको समेत तस्बिर राखेर चीनको यात्रा गरेको स्मरण सुनाउनुभयो।

"हाम्रो देश सानो भए पनि इ-पासपोर्ट संसारभर सबैको एकै हुन्छ, अन्तर्राष्ट्रिय जगत्मा हाम्रो हैसियत सबैसँग समान छ", विद्युतीय राहदानीको माध्यमबाट देशको गरिमा बढ्ने तर्क गर्दै उहाँले भन्नुभयो।

परराष्ट्र सचिव भरतराज पौड्यालले हस्तलिखित राहदानीको युगलाई पछाडि छोडेर यन्त्रले पढ्ने राहदानी (एमआरपी) हुँदै अब विद्युतीय राहदानी लिएर यात्रा गर्ने अवस्थामा नेपाली पुग्नु गौरवको विषय भएको बताउँदै सेवाग्राहीलाई इ-पासपोर्ट र एमआरपी समानान्तररूपमा जारी गरिने जानकारी दिनुभयो। राहदानी विभागका महानिर्देशक डोरनाथ अर्यालले ३४ र ६४ पृष्ठका विद्युतीय राहदानीका विशेषताबारे जानकारी दिँदै एमआरपीका निम्ति लाग्ने दस्तुर नै इ-पासपोर्टमा पनि लागू हुने बताउनुभयो । विभागबाट एमआरपी लिँदा रु १० हजार र जिल्ला प्रशासन कार्यालय तथा विदेशस्थित नेपाली नियोगबाट राहदानी लिँदा सेवाग्राहीले रु पाँच हजार दस्तुर तिर्नुपर्ने व्यवस्था छ। विभागबाट ६४ पृष्ठको इ-पासपोर्ट लिन चाहने सेवाग्राहीले भने रु २० हजार राजस्व बुझाउनुपर्नेछ।

एघार वर्षअघिसम्म हस्तलिखित राहदानी प्रयोग गर्ने नेपाल त्यसपछि एमआरपी हुँदै अब इ-पासपोर्ट प्रयोग गर्ने देशमा रूपान्तरण भएको छ । विद्युतीय राहदानीमा बाहेकको व्यक्तिगत विवरण 'चिप्स'मा सुरक्षित तवरले राखिएको हुन्छ जसलाई विशेष यन्त्रले मात्र हेर्न र पढ्न सकिन्छ । यद्यपि यो राहदानी एमआरपी वा हस्तलिखित राहदानीजस्तै हो।


## अनुरोध

प्रत्येक १०/१० वर्षमा हुने राष्ट्रिय जनगणना, २०७८ यही कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म कास्की जिल्लामा सञ्चालन भइरहेको हुदाँ यस गणनामा तपाईको परिवारले प्रयोग गरेको सेवा सुविधा तथा परिवारका सदस्यहरुको ब्यक्तिगत विवरण विस्तृत रुपमा संकलन गर्न यस कार्यालयबाट खटिई आउनु हुने गणक कर्मचारीलाई आफू बसोबास गरेको ठाउँबाट आ-आफ्नो परिवार र ब्यक्तिको सत्य तथ्य विवरण उपलब्ध गराई सहयोग गर्नु हुन सबैमा कार्यालय हार्दिक अनुरोध गर्दछ। राष्ट्रिय जनगणना, २०७८ मा सोधिने प्रश्नावली कुनै कर प्रयोजनको लागि नभई तथ्याङ्कीय प्रयोजनका लागि मात्र हुने र प्रश्नावलीमा भरिएका विवरण तथ्याङ्क ऐन २०१५, बमोजिम गोप्य रहने ब्यहोरा अनुरोध छ।

**'मेरो गणना मेरो सहभागिता' 'कोही नछुटौ कोही नदोहोरिऔ'**

**गण्डकी प्रदेश जनगणना कार्यालय, पोखरा, कास्की**


## एमाले महाधिवेशन उद्घाटनमा सात स्थानबाट जुलुस

**रासस**
**चितवन, १ मंसिर**

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को १०औंमहाधिवेशनको उद्घाटनअघि सात स्थानबाट जुलुस निकालिने भएको छ। विभिन्न जिल्लाबाट आउने सहभागीलाई व्यवस्थित गर्न फरक-फरक ठाउँबाट जुलुस गर्न लागिएको हो।

एमालेले उद्घाटन सत्रमा पाँच लाखभन्दा बढी जनसहभागिता गराउने जनाउँदै आएको छ। चितवन जिल्लाबाट मात्रै एक लाखभन्दा बढी सहभागी हुने एमालेको दाबी छ। ठूलो सङ्ख्यामा सहभागी हुँदा व्यवस्थित गर्न कठिनाइ हुनसक्ने भएकाले पूर्वतयारी गरिएको हो । एमाले चितवनका अध्यक्ष पार्वती रावलका अनुसार पूर्वबाट आउने सहभागी भरतपुरको केन्द्रीय बसपार्कबाट जुलुसमा सहभागी हुनेछन् । पूर्वबाट आउने सवारीसाधनलाई केन्द्रीय बसपार्कमै पार्किङ गर्ने व्यवस्था गरिएको छ । मुग्लिनतर्फबाट आउने सहभागी आँटपारीबाट जुलुससहित सभामा सहभागी हुने व्यवस्था गरिएको छ। उक्त ठाउँमा रोकिएका सवारीलाई नेपाल ट्रष्टको जग्गामा पार्किङ गर्ने व्यवस्था गरिने छ।माडी, जगतपुर, गीतानगरतर्फबाट आउने सहभागी हाकिमचोकबाट जुलुसमा सहभागी हुने व्यवस्था गरिएको छ । ती ठाउँबाट आउने सवारीलाई पनि भरतपुर बसपार्कमा पार्किङको व्यवस्था गरिने छ। भरतपुरको पश्चिमी क्षेत्र चनौली, मेघौलीलगायत क्षेत्रबाट आउने सहभागीलाई चौबीसकोठीबाट जुलुसमा सहभागी गराइने व्यवस्था गरिएको छ । भरतपुर महानगरपालिका-१६, १७, १८ लगायत पश्चिम चितवनबाट आउने सहभागी बेलचोकबाट जुलुसमा सहभागी हुनेछन्। त्यहाँ आउने सवारीलाई सोही क्षेत्रमा पार्किङको व्यवस्था गरिएको रावलले जानकारी दिनुभयो । कालिका नगरपालिका र भरतपुर महानगरपालिका-११ तर्फबाट आउने सहभागी विशालचोकबाट वीरेन्द्र क्याम्पस रोड हुँदै जुलुसमा सहभागी हुने व्यवस्था गरिएको छ। पश्चिम नेपालबाट आउने सर्वसाधारणलाई गैंडाकोटबाट जुलुससहित सभामा सहभागी गराइने भएको छ। पश्चिमबाट आउने सवारीलाई गैंडाकोटतर्फको नारायणी नदी किनारमा पार्किङको व्यवस्था गरिएको छ। जुलुसमा सहभागिताका लागि नेतृत्वकर्तालाई निर्देशनसमेत जारी गरिएको छ। उनीहरूलाई के-कसरी सहभागी गराउने, व्यवस्थित र मर्यादित बनाउने भन्नेबारे निर्देशन दिइएको हो । नेकपा एमालेको १०औं महाधिवेशन यही मङ्सिर १० गतेदेखि १२ गतेसम्म चितवनमा हुँदैछ । महाधिवेशनको उद्घाटनसत्र नारायणगढको नारायणी नदी किनार र बन्दसत्र सौराहाको होटल सेभेन स्टार परिसरमा हुने छ । एमालेको १०औं महाधिवेशनले २२५ सदस्यीय नयाँ नेतृत्व चयन गर्ने छ । महाधिवेशनमा देशभरबाट एक हजार ९९९ प्रतिनिधि सहभागी हुनेछन् । उनीहरू बस्नका लागि सौराहास्थित क्षेत्रीय होटल सङ्घसँग तीन हजार पाँच सय जना अट्ने कोठा सम्झौता गरिएको छ।

सौराहामा ६ हजार ५०० जना अट्ने क्षमता छ । अन्य कोठा पार्टीका नेता-कार्यकर्ताले बुकिङ गरिसकेको सङ्घले जनाएको छ । प्रतिनिधिभन्दा बढी महाधिवेशन घुम्न र हेर्न आउनेहरू हुने अनुमान गरिएको छ।



# स्याङ्जाका सुन्तलामा ‘औंसा किरा’

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १ मंसिर**



स्याङ्जामा उत्पादित सुन्तलामा औंसा किराको आक्रमण तिव्र देखिएको छ । सुन्तला र सुन्तलाजातका फल पाकेर टिप्ने बेलाका सुन्तलामा औंसाको प्रकोप देखिएपछि स्थानीय सुन्तला उत्पादक कृषक चिन्तित बनेका छन् ।

सुन्तला पाक्ने समयभन्दा अगावै सुन्तला पाकेको जस्तो देखिने र झर्ने क्रम बढेकाले सुन्तला परिक्षण गर्दा औंसाको प्रभाव देखिएको कृषि ज्ञान केन्द्रका प्रमुख विनोद हमालले जानकारी दिए । “झरेका सुन्तलालाई खाडलमा पुर्नु वा प्लाष्टिकका थैलामा जम्मा पारेर हावा नछिर्नेगरी त्यसको मुख राम्ररी बाँधेर एकसाता घाममा राख्नुपर्छ ।” उनले भने, “किरालाई जमिनभित्र जाने वातावरण दिनु हुँदैन, अनि मात्र औंसा किरा नियन्त्रणमा ल्याउन सकिन्छ ।”

प्रयोग नगरिने पानीको ट्यान्की र गोबर ग्याँसको खाडलमा झरेका सुन्तला डुबाएर किरा नियन्त्रण गर्न सकिनेमा हमालले जोड दिए । औंसा किरा व्यवस्थापन लागि सबै कृषकहरुले अभियान सुरु गर्न जरुरी छ, एक/दुई जनाले वेवास्ता गरे यो समस्या नहट्ने उनले सुनाए ।

एउटा औंसा किराले ५० देखि २ सय वटासम्म किरा उत्पादन गर्ने हुँदा यसको प्रभाव तिव्र फैलिने प्रधानमन्त्री कृषि आधुनिकीकरण सुन्तला सुपरजोन कार्यालय प्रमुख माधवप्रसाद लम्सालको भनाई छ । औंसा किरा सुन्तला लगायत मौसम, निबुवा, जुनार लगायतका फलमा पनि देखिएका छन् । एउटा दाना फलमा १० देखि १५ वटासम्म औंसा किरा भेटिएको प्रमुख लम्सालले बताए ।

फल झर्ने क्रम तिव्र देखिएपछि कृषकका बगैंचामा पुगेका ज्ञान केन्द्र र सुपरजोनले किरा नियन्त्रण गर्ने विधि सिकाएको छ । केन्द्र र सुपरजोनले कृषकलाई झरेका सुन्तला संकलनका लागि प्लाष्टिकका थैला समेत प्रदान गरेको छ ।

केन्द्र र सुपरजोन कार्यालयका प्रमुखसहितका प्राविधिक टोलीले पुतलीबजार, भीरकोट र अर्जुनचौपारीका क्लष्टरमा पुगेर बगैंचा अनुगमनसहित सुन्तला कृषकसँग अर्न्तक्रिया गरेका छन् । उनीहरुले बगैंचा व्यवस्थापन, मलजल र समयमै प्रोटिन बेट लगायतका आवश्यक तत्व उपलब्ध गराउन सुझाव दिए ।

सुन्तला कृषकका लागि कोरोनाभन्दा बढी खतरनाक देखिएको छ, औंसा किरा’ सुन्तला सुपरजोन सञ्चालक समितिका अध्यक्ष ताराप्रसाद अर्याल भने, “यसको तत्काल नियन्त्रण र उचित व्यवस्थापन गर्न सकेनौं भने बिक्रीका लागि तयार भएका स्याङ्जाका सुन्तला सबै सखाप हुनेछन् ।” गतवर्ष ५१ करोडको सुन्तला उत्पादन गरेको स्याङ्जामा चालुवर्ष निकै कम आम्दानी हुने अनुमान गरिएको छ । गतवर्ष सुन्तलाबाट २५ लाख आम्दानी गरेको बताउने अर्जुनचौपारी गाउँपालिका १ का फणीनारयाण अर्यालले चालुवर्ष १०/१२ लाखको पनि सुन्तला नहुने हो की भन्ने शंका जनाए ।



कोदोबाली : स्याङ्जाको वालिङ नगरपालिका-२ धौखोलास्थित बारी पाक्दै गरेको कोदोबाली । तस्बिर : तोलाकान्त बगाले

# मिलनको शतकिय पारीमा स्याङ्जा विजयी

**पोखरापत्र संवाददाता**
**पोखरा, १ मंसिर**



मिलन क्षेत्रीले उत्कृष्ट ब्याटिङ्ग गर्दै १ सय २१ रनको सानदार पारी खेलेपछि पोखरामा जारी यु-१९ क्षेत्रिय छनौंट क्रिकेट प्रतियोगितामा स्याङ्जाले तनहुँमाथि १ सय १० रनको फराकिलो जित निकालेको छ ।

म्यान अफ द म्याच चुनिएका मिलनले आफ्नों पारीमा ९९ बलको सामना गर्दै १२ चौका र ६ छक्का प्रहार गरे ।

टस जितेको तनुहँले फिल्डिङ्ग रोजेपछि ब्याटिङ्गमा उत्रिएको स्याङ्जाले पुरा ४० ओभरमा ९ विकेट गुमाएर २ सय ५३ रनको विशाल योगफल तयार पा्र्यो । स्याङ्जाको तर्फबाट सुजन गौतमले २९ बलमा ३ चौका र ५ छक्का प्रहार गर्दै अभिजित ५३ रन बनाएका थिए । त्यस्तै विष्णु पाण्डेले ३३ रन जोडे । तनहुँका बलर परिक्षित ढकालले २ विकेट लिए ।

जितका लागि २ सय ५३ रनको लक्ष्य पछ्याएको तनहुँले ३१ ओभर ३ बलमा सम्पूर्ण विकेट गुमाउँदै १ सय ४३ रन बनाउन सक्यो । तनहुँको तर्फबाट सचिन अधिकारीले ४० तथा उत्सव श्रेष्ठले ३३ रनको योगदान दिए । स्याङ्जाको तर्फबाट टिकाराम गैह्लेले २ किवेट लिए । प्रतियोगिता अन्तर्गत बिहीबार स्याँग्जा र नवलपुरविच प्रतिस्पर्धा हुने छ ।

# जीवन उपयोगी कोर्ष सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, १ मंसिर**



जीवनको सिकाय परियोजनामा आबद्ध किशोरीहरुका लागि जीवन उपयोगी तथा व्यवहारिक साक्षरता सीप कोर्षको प्रमाणपत्र वितरण तथा अतिरिक्त क्रियाकलाप कार्यक्रम बुधवार सम्पन्न भयो ।

पोखरा उद्योग वाणिज्य संघ बालश्रम न्यूनीकरण कार्यक्रमको आयोजना, पोखरा महानगरपालिकाको समन्वय र किडासको सहयोगमा सो कार्यक्रम गरिएको हो ।

दश महिने जीवन उपयोगी तथा व्यवहारिक साक्षरता सीप कोर्ष गत फागुन ११ गतेदेखि कार्तिक १२ गते सम्म संचालन भएको थियो । पोखरा महाका २४ वडा किशोरी समुहका २६० किशोरी सहभागिता रहेको थियो । पोखरा उद्योग वाणिज्य संघ बालश्रम न्यूनीकरण कार्यक्रमका अध्यक्ष राजेन्द्र कुमार लालचनकाको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं ९ का वडा अध्यक्ष रामराज लामिछाने, पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष पवनकुमार प्रजापति, सदस्य यमनाथ तिमिल्सिना, पोखरा उद्योग वाणिज्य संघ बालश्रम न्यूनीकरण कार्यक्रमका परियोजना संयोजक प्रिती पाण्डे, किडासका कार्यक्रमका अधिकृत सचिन शाक्य कोपीला पण्डीत लगायतले वालेका थिए ।

# बुधबार काठमाडौँमा यो वर्षकै बढी चिसो

**रासस**
**काठमाडौं, १ मंसिर**

काठमाडौँ उपत्यकामा बुधबार यो वर्षकै बढी चिसो महसुस गरिएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार बुधबार काठमाडौँको न्यूनतम तापक्रम यो वर्षकै कम सात दशमलव चार डिग्री सेल्सियस मापन गरिएको हो ।

मङ्गलबार काठमाडौँको न्यूनतम तापक्रम ८.० डिग्री सेल्सियस थियो । चिसो बढेसँगै विभागले वायुको अधिकतम र न्यूनतम तापक्रम घट्ने क्रममा रहेकाले चिसोबाट बच्न सतर्कता अपनाउन सबैमा अनुरोध गरेको छ ।

काठमाडौँ उपत्यकासहित देशभर औसतमा दैनिक एकदेखि दुई डिग्री सेल्सियससम्म तापक्रम घट्न थालेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाका अनुसार नेपाली वायुमण्डलमा पश्चिमी वायुको प्रभावसँगै जाडो याम सुरु हुन्छ । केही दिन अघिदेखि दिउँसोको तापक्रमसमेत दुईदेखि तीन डिग्री सेल्सियसका दरले घटिरहेको छ । हाल देशका पहाडी भूभागमा आंशिक बदली रही बाँकी भूभागको मौसम सामान्यतया सफा रहेको छ ।

बुधबार राति देशको पहाडी भ-ूभागमा आंशिक बदली रही बाँकी भू-भागमा मौसम सफा रहने बताइएको छ । मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम सात दशमलव चार डिग्री र अधिकतम तापक्रम २१ दशमलव आठ डिग्री सेल्सियस रहने छ ।

त्यस्तै बुधबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस चार दशमलव पाँच डिग्री र सबैभन्दा बढी जनकपुरको अधिकतम तापक्रम २९ दशमलव दुई डिग्री सेल्सियस रहेको छ ।

# बढ्न थाले कोरोना संक्रमित, थप ४१२ जनामा कोरोना पुष्टि

**रासस**
**काठमाडौं, १ मंसिर**

पछिल्लो समय कोरोना भाइरस सङ्क्रमितको सङ्ख्यामा वृद्धि भएको छ ।

मङ्गलबार ३७७ सङ्क्रमित भएकामा बुधबार ४१२ नयाँ सङ्क्रमित थपिएको मन्त्रालयको तथ्याङ्कले पुष्टि गरेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार देशभर पछिल्लो २४ घण्टामा ११ हजार ९९३ को कोरोना परीक्षण गरिएको थियो । नेपालमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या आठ लाख १८ हजार ३५ पुगेको छ । एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या ९५ हजार २२३ रहेको छ । बुधबार २०२ जना कोरोनाबाट निको भएका छन् । योसँगै निको हुनेको सङ्ख्या सात लाख ९८ हजार ९१६ पुगेको छ । निको हुने दर ९७.७ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा थप एक जनाले कोरोनाबाट ज्यान गुमाएका छन् । योसँगै हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ४८३ पुगेको छ । अहिले कोरोनाबाट हुने मृत्युदर १.४ प्रतिशत छ ।

त्यसैगरी पछिल्लो समय एक लाख १७ हजार ६१ ले कोरोनाविरुद्धको खोप लगाएका मन्त्रालयले जनाएको छ । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या सात हजार ६३६ छ ।

अहिले होम आइसोलेसनमा सात हजार १६३, संस्थागत आइसोलेसनमा ४७३, आइसियुमा २२४ र भेन्टिलेटरमा ६० जनाले उपचार गराइरहेका छन् ।

# माओवादी केन्द्र मधेशमा एक नम्बर पार्टी हुन्छ : प्रचण्ड

**रासस**
**काठमाडौं, १ मंसिर**

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले आगामी निर्वाचनमा आफ्नो पार्टी मधेशको पहिलो पार्टी बन्ने दाबी गर्नुभएको छ ।

महोत्तरीको रामगोपालपुरमा बुधबार आयोजित जनसभालाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले मधेशको मुटु प्रदेश नं २ मा आफ्नो पार्टी पहिलो हुने दाबी गर्नुभएको हो । “चुनावमा जनताले नक्कली जलपबालालाई बढार्नेछन्”, प्रचण्डले भन्नुभयो, “मधेश र मधेशी जनताको मुक्तिको शङ्खनाद हामीले गरेका हौं, मधेशी जनताले आगामी निर्वाचनमा पहिलो मत दिएर हामीलाई नम्बर एक बनाउनेछन् ।” यसअघिका मधेशका भ्रमणमा मधेशसँग आफ्नो गहिरो ‘प्रेम’ परेको उहाँको भनाइ छ । आफैंले दुई पटक मधेशी जनताको हक अधिकारका निम्ति संविधान संशोधनको प्रस्ताव लगेको प्रसङ्ग सम्झाउँदै उहाँले त्यतिखेर सफल हुन नसकेको त्यो कुरा अब पहिलो पार्टी बनेर पूरा गर्ने बताउनुभयो । “हामीले सम्बिधान संशोधन गरेर मधेश मुद्दा सम्वोधनको जमर्को गर्‍यौं” प्रचण्डले भन्नुभयो, “तर सम्बिधान संशोधनका लागि आवश्यक बहुमत नभएको हुँदा सम्भव भएन ।”


## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरूषमा हुने (वाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**सम्पर्क स्थान** :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला ।



## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ । - विदुरनीति

## सम्पादकीय

# सुधारिन नसकेका दल

राजनीतिक पार्टीको अधिवेशनमा विध्यालय बन्द गर्नुपर्ने अवस्था आएको छ । सत्तारूढ दलका नेता आउदा पालिकाले विदा दिएको छ। दुई बर्ष अघि केपी शर्मा ओली जन्म घर तेह्रथुमको आठराईमा जन्मोत्सव मनाउन आ(उदा गाउँपालिकाले सार्वजनिक विदा दियो । आठराई गाउँ पालिकामा सरकारले विभिन्न कार्यक्रम संचालन गरेको हुँदा ती कार्यक्रम सफल पार्न गाउँ पालिकाले विदा दिएको जिकिर गरेको थियो । जतिसुकै राम्रो कार्यक्रम गरिएको भएपनि सार्वजनिक विदा दिनुगलत हो । राजा महाराजको पालामा जस्तै गणतन्त्रमा पनि विदा दिनु गलत हो ।

पहिला प्रधानमन्त्री आउदा विदा दिने काम गलत भयो भनेर विरोध गर्नेहरू फेरि त्यही ब्यवहार देखाउनु विडम्बना हो ।माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड महोत्तरीको लोहारपट्टी जाँदा स्वागतका लागि विदा दियो । स्थानीय सरकारलाई आफ्नो पालिका भित्र विदा दिन सक्छानेताको स्वागतमा विदा दिनु अधिकारको दुरुपयोग हो ।राजा महाराजलाई खुशी बनाउन अपनाउने शैली हो । गणतन्त्रमा पनि पुरानै शैली अपनाउनु चाकडीको भद्दा नमुना हो । एमले अध्यक्ष र माओवादी केन्द्रका अध्यक्षको स्वागतमका लागि विदा दिनु गलत भएको थाहा पाउदा पाउदै काङ्ग्रेस पनि त्यही बाटोमा हिड्नु गणतन्त्रलाई गिज्याउने काम हो ।

नेपाली कांग्रेस बैतडीको जिल्ला अधिवेशनका लागि भन्दै दशरथचन्द नगरपालिकाले तीन दिन विद्यालय बन्द गर्न भनेको छ । जिल्ला सदरमुकाम आसपासमा रहेका ४ विद्यालयलाई बुधबार पत्राचार गर्दै तीन दिनलाई विद्यालय बन्द गर्न नगरपालिकाले आग्रह गरेको छ । दशरथचन्द नगरपालिकाका प्रमुख नरेन्द्रसिंह थापाद्वारा हस्ताक्षरित पत्रमा नगरपालिकाका वीरेन्द्र मावि शाहीलेक, दशरथचन्द मावि सुन्दरखाली, जगदम्बा मावि रानीबुङ्गा र दशरथचन्द आधारभूत विद्यालय गढीलाई छुट्टी दिई भवन र फर्निचर उपलब्ध गराइदिन आग्रह गरिएको छ । वीरेन्द्र माविका प्राचार्य कैलाश कनौजीयाले विद्यालयलाई पत्र आइसकेपछि विद्यालयले जिल्ला प्रशासन कार्यालय र शिक्षा विकास तथा समन्वय इकाईलाई पत्र पठाएको बताएका छन् ।

'बुधबार ३ बजेतिर पालिकाको स्थानीय बिदामा कटाउने गरी ३ दिन कांग्रेस अधिवेशनको लागि विद्यालय बन्द गर्ने भनेर पत्र आएको छ। विद्यालयले यसरी बन्द गराउन नमिल्ने होला भनेर माथिल्लो निकायलाई पत्र पठाईएको छानदिउँ भने जागिर जाने डर, दिउँ भने कानुनी कार्वाही हुने हो कि ? भन्ने डर छ ।' सत्तामा पुगेकाले जे गरेपनि हुन्छ भन्ने सोच हो ।पार्टीले के भन्छ होइन के गर्छ भनेर हेर्नुपर्ने बेला आएको छायस्तो ब्यबहर दोहोरिनु पार्टी सुधारिन सकेका रहेनछन भन्ने हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : मानसिक तनाब |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : मन चञ्चल |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शत्रुको भय |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# दूरसञ्चार कम्पनी बन्यो उत्कृष्ठ करदाता, कर दिवसमा सम्मानित

**रासस**
**काठमाडौं, १ मंसिर**

सरकारले सबैभन्दा बढी आयकर दाखिला गर्ने विभिन्न क्षेत्रका १५ करदातालाई सम्मान गरेको छ ।

दशौँ कर दिवसका अवसरमा आन्तरिक राजस्व कार्यालयले आज आयोजना गरेको कार्यक्रममा अर्थमन्त्री जनार्दन शर्माले उत्कृष्ट करदाताहरूलाई सम्मान गर्नुभयो । नेपाल सरकारको स्वामित्वमा रहेको नेपाल दूरसञ्चार कम्पनी (नेपाल टेलिकम) सबैभन्दा बढी आयकर दाखिला गर्ने उत्कृष्ट करदता बनेको छ। यस्तै निर्यात कारोबारबाट सबैभन्दा बढी आयकर दाखिला गर्ने डाबर नेपाल (प्रा)लि, विशेष उद्योगमध्येबाट एसियन पेन्टस् (नेपाल) प्रालि र कृषि एवं पशुपक्षीजन्य उद्योगबाट पूर्वाञ्चल एग्रीटेक प्रालि रहेका छन् ।

# कर सप्ताह सुरु, उत्कृष्ट करदाता सम्मानित

**पोखरापत्र संवाददाता**
**दमौली, १ मंसिर**

दमौली- आन्तरिक राजस्व कार्यालय दमौलीमा उत्कृष्ट करदातालाई सम्मान गरिएको छ। दशौं राष्ट्रिय कर दिवस तथा कर सप्ताहका अवसरमा बुधबार यहाँ आयोजित कार्यक्रममा उत्कृष्ट करदाताका रूपमा डुम्रेस्थित सबैको लघुवित्त संस्थालाई सम्मान गरिएको हो ।

गत आर्थिक वर्षमा रु ३९ करोड नौ लाख कारोबार गरेको वित्तीय संस्थाको करयोग्य आयकर रु तीन करोड ९१ लाख रहेको थियो । उक्त संस्थाले त्यसअवधिमा रु एक करोड १७ लाख आयकर तिरेको थियो । विभिन्न मापदण्डका आधारमा उक्त संस्थालाई उत्कृष्ट करदाताका रूपमा सम्मान गरिएको प्रमुख कर अधिकृत डा नारायण ढकालले जानकारी दिनुभयो ।

प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्याल र प्रमुख कर अधिकृत ढकालले उक्त संस्थाका प्रतिनिधि केशव पौडेललाई दोसल्ला र प्रशंसापत्रले सम्मान गर्नुभयो । सोही अवसरमा कार्यालयका उत्कृष्ट कर्मचारी नासु विनिता रानाभाटलाई पनि सम्मान गरिएको छ ।

कार्यक्रममा प्रजिअ अर्यालले करको दर भन्दा करको दायरा वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो । तनहुँ उद्योग वाणिज्य सङ्घका प्रथम उपाध्यक्ष इमकुमार मल्लले व्यवसायी र कर प्रशासनबीच नङ र मासुको सम्बन्ध रहेकाले व्यवसायीलाई निर्भिक रूपमा व्यवसाय गर्ने वातावरण सिर्जना गर्नु राज्यको दायित्व रहेको बताउनुभयो । चेम्बर्स अफ कमर्सका वरिष्ठ उपाध्यक्ष कृष्ण आचार्यले व्यवसायीलाई करको दायरामा ल्याउन सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कर सप्ताहको अवसरमा कार्यालयले विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने भएको छ । कर प्रशासन सुधारका लागि विभिन्न कार्ययोजना बनाइएको बताउँदै प्रमुख कर अधिकृत ढकालले करको परिपालना गर्नेको करको लागत घटाउने नीति लिइएको जानकारी दिनुभयो । आन्तरिक राजश्व कार्यालय गत आर्थिक वर्षमा रु आठ अर्ब ५० करोड २६ लाख ६१ हजार राजश्व सङ्कलन गरेको थियो । कार्यालयले उक्त आर्थिक वर्षमा रु आठ अर्ब ५६ करोड ६८ लाख ३७ हजार राजश्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो ।

कार्यालयले तनहुँसहित लमजुङ, गोरखा र मनाङको असुली गणना, लेखापरीक्षण र अनुसन्धानको काम गर्दै आएको छ। यद्यपि गत वर्षदेखि गोरखा र लमजुङमा करदातासेवाकार्यालय स्थापना भएको छ । मनाङका करदाताले लमजुङबाट कर तिर्न सक्ने व्यवस्था मिलाइएको छ । उक्त दुई जिल्लामा करदाता सेवा कार्यालय नहुँदा त्यहाँका करदाताले पनि दमौलीमै आएर कर तिर्नुपर्ने बाध्यता थियो ।

# राजनीति गर्दा लागेको ऋण तिर्न अकबरे खेती

**रासस**
**गोरखा, १ मंसिर**

दिनहुँजसो राजनीतिक कर्ममा समय बिताउने गर्नुभएको गण्डकी गाउँपालिका-४, फुजेलका जीतबहादुर भट्टको दैनिक अहिले फेरिएको छ ।

सधैँ बिहान उठ्ने बित्तिकै गाउँमा सभा, सम्मेलन, बैठक र भेलामा दौडिने गर्नुभएका उहाँ आजभोलि ती सबै काम छोडेर घर नजिकै सुरु गर्नुभएको अकबरे खुर्सानीको खेती गरेको ठाउँमा पुग्नुहुन्छ । अलिअलि कमाएको पैसा पनि राजनीति गर्दागर्दै सकिएपछि ऋण डुबेका भट्टले अहिले गाउँमै करिब एक सय १७ रोपनी क्षेत्रफल जमिन भाडामा लिएर अकबरे खुर्सानीको व्यावसायिक खेती सुरु गर्नुभएको हो । उहाँले सुरु गर्नुभएको अकबरे खुर्सानीको खेती प्रदेशभित्र निजीस्तरमा ठूलो क्षेत्रफलमा गरिएको अहिलेसम्मकै ठूलो अकबरे खुर्सानीको व्यावसायिक खेती हो । "व्यापार र राजनीतिले जीवनको सबै कमाई गुमाएपछि म आफ्नै गाउँ फर्किएर व्यावसायिक कृषि पेसा सुरु गरेको छु", उहाँले भन्नुभयो, "अब राजनीतिभन्दा कृषि पेसामा नै बढी आनन्द आउन थालेको छ ।" उहाँले अकबरे खेती सुरु गरेसँगै प्रदेशस्तरमा तालिम लिने अवसर पाउनुभयो । तालिममा सहभागी क्रममा प्रदेशमा अहिलेसम्म त्यति ठूलो स्तरमा निजी क्षेत्रबाट अकबरे खुर्सानीको व्यावसायिक खेती अन्यत्र नभएको जानकारीसमेत पाएपछि आफूमा झनै उत्साह बढेको उहाँको भनाइ छ । किसान भट्टले व्यावसायिक रूपमा खेती सुरु गर्नका लागि आफ्नोसँगै सहित छिमेकीको जमिन भाडामा लिनुभएको छ । राजनीतिमा समेत लागेर लामो समयसम्म काम गर्नुभएका उहाँले राजनीतिले खान नदिने भएकाले अहिले कृषि कर्ममा जोडिएको बताउनुभयो । "गोरखा र काठमाडौँमा समेत व्यापार थियो तर राजनीतिले सबै सकियो", उहाँले भन्नुभयो, "केही उपाय नभएपछि अहिले फेरि गाउँ फर्किए र कृषि पेसा सुरु गरेँ ।" उक्त जमिनमा करिब ७५ हजार बेर्ना लगाएकामा करिब ४६ हजार बोटमा उत्पादन सुरु भएको उहाँले बताउनुभयो । "सारेका मध्ये २९ हजार बेर्ना सरेन", उहाँले भन्नुभयो, "सरेका बोटहरूबाट अहिले राम्रो उत्पादन हुन थालेको छ।" भाडामा लिएको जमिन मध्ये खुर्सानी नसरेको ठाउँमा अदुवा र बेसार खेती गरेको उहाँको भनाइ छ । एकपटक हुर्किएको खुर्सानीको बोटबाट ३ वर्षसम्म राम्रो आम्दानी लिन सक्ने किसान भट्टले जानकारी दिनुभयो । अकबरे खुर्सानी फल्न थालेपछि बारी लटरम्म फल्न थालेको उहाँले बताउनुभयो । "बारीमा पस्दा राता हरिया खुर्सानी लटरम्म फलेको देख्दा मन पनि आनन्द हुन्छ", किसान भट्टले भन्नुभयो, "खुर्सानी बेचेर आम्दानीसमेत राम्रो हुन थालेको छ ।" उहाँले आफ्नो बारीमा उत्पादन भएको खुर्सानी चितवनको मुग्लिनमा रहेको श्री सिस्टर अचार कम्पनीले खरिद गर्न थालेको छ। प्रतिकेजी रु २५० देखि २७५ सम्ममा खुर्सानी बिक्री हुन्छ, उहाँले भन्नुभयो, बजार भाउ पनि राम्रो भएकाले आम्दानी पनि राम्रो हुँदै गएको छ ।" व्यावसायिक खेती सुरु गरेसँगै अकबरे खुर्सानी बेचेर वार्षिक रु ५० लाखसम्म आम्दानी गर्ने आफ्नो लक्ष्य रहेको किसान भट्टले बताउनुभयो ।

यस वर्ष भने जेठको अन्त्यदेखि अत्यधिक पानी परेकाले खुर्सानी उत्पादन राम्रो नभएको उहाँको भनाइ छ । "जेठको अन्तिम सातादेखि ठूलो वर्षा नभएको भए यो वर्ष नै राम्रो आम्दानी हुन्थ्यो", उहाँले भन्नुभयो, "अर्को वर्ष आफूले लक्ष्य लिएको जति आम्दानी गर्न सक्छु भन्ने लागेको छ ।" उहाँले मकवानपुरको पालुङ र हेटौँडा तथा इलामबाट बीउ मगाएर आफैँले नर्सरीमार्फत बेर्ना उत्पादन गर्नुभएको हो ।

"खुर्सानीको व्यावसायिक खेती सुरु गरेपछि मैले मात्र आम्दानी गरेको छैन", उहाँले भन्नुभयो, "स्थानीय गाउँहरूले समेत रोजगारी पाएका छन् ।" अहिले बारीमा स्थानीयवासी सातदेखि १० जनाले रोजगारी पनि पाएका छन् । "सिजनका बेला १० जनासम्मले काम पाउँछन्", उहाँले भन्नुभयो, "बारीमा गोडमेल गर्न, खुर्सानी टिप्न कामदार आवश्यक पर्छ ।" उहाँले वर्षौंदेखि निष्क्रिय रहेको गाउँकै कालिका कृषक समूह नामको फर्मलाई नवीकरण गरेर व्यावसायिक कृषि पेसा सुरु गरेको बताउनुभयो ।

# स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ४० लाख नाघ्यो

**रासस**
**काठमाडौं, १ मंसिर**

सरकारले करको दायरा वृद्धि गर्दै लगेसँगै करदाताको सङ्ख्या उल्लेख्यरूपमा वृद्धि भएको छ । नेपालमा हालसम्म व्यावसायिक र व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ४० लाख नाघेको आन्तरिक राजस्व विभागले जनाएको छ ।

विभागका अनुसार आर्थिक वर्ष २०७७/७८ को असार मसान्तसम्म व्यावसायिक र व्यक्तिगत स्थायी लेखा नम्बर लिनेको सङ्ख्या ४० लाख ४९ हजार १०९ पुगेको छ । व्यक्तिगत करदाता २४ लाख ७१ हजार ७२६ र व्यावसायिक करदाता १५ लाख ७७ हजार ३८३ छन् । आव २०७७/७८ मा दुई लाख ४५ हजार ५६१ व्यावसायिक करदाता र पाँच लाख १७ हजार ३८३ व्यक्तिगत करदाता थपिएका छन् ।

कोरोना महामारीको प्रतिकूलताका बाबजुद पनि राजस्व असुलीमा ९५.३२ प्रतिशत प्रगति भएको विभागले जनाएको छ । आव २०७७/७८ मा रु ४२९ अर्ब २० करोड राजस्व असुली भएको थियो । यो आव २०७६/७७ को तुलनामा ११.६४ प्रतिशतले बढी हो । आव २०७७/७८ मा रु ४५० अर्ब ३४ करोड राजस्व सङ्कलनको लक्ष्य राखिएको थियो ।

आव २०७७/७८ मा मूल्य अभिवृद्धि करतर्फ रु तीन खर्ब दुई अर्ब १६ करोड लक्ष्य निर्धारण गरिएकामा रु दुई खर्ब ८७ अर्ब छ करोड असुली भएको छ । यस्तै सोही अवधिमा रु दुई खर्ब ७७ करोड आयकर र रु एक खर्ब ३४ अर्ब नौ करोड अन्तःशुल्क सङ्कलन भएको छ। आन्तरिक राजस्व विभाग र अन्तर्गतका कार्यालयको कूल बेरुजु रु ४९ अर्ब ६१ करोड ४९ लाख १५ हजार रहेकामा गत आवमा रु २८ अर्ब ८६ करोड २६ लाख ९६ हजार फछ्र्योट भएको विभागले जनाएको छ ।

# देवघाटधाममा गण्डकी परिक्रमा महोत्सव हुने

**रासस**
**तनहुँ, १ मंसिर**

तनहुँको प्रसिद्ध देवघाटधामको धार्मिक एवं भौतिक विकासलाई संवर्द्धन गर्दै वैदिक सनातन धर्म र संस्कृतिको प्रचारप्रसार गर्ने उद्देश्यले गण्डकी परिक्रमा महोत्सव हुने भएको छ ।

देवघाटको धार्मिक महत्वको संवर्द्धन गर्ने उद्देश्यले यस क्षेत्रमा साधनारत सन्त महात्माको अगुवाइमा बिहीबारदेखि देवघाटधाम गण्डकी परिक्रमा महोत्सव हुन लागेको हो ।

बुधबार बिहान तनहुँतर्फ देवघाटको वेणीसङ्गम, गलेश्वर आश्रम (सिद्धेश्वर महादेवको मन्दिर), चक्रवर्ती आश्रम (मणिमुकुन्देश्वर मन्दिर), महेश सन्यास आश्रम (विद्येश्वर महादेव मन्दिर), हरिहर सन्यास आश्रम (हरिहर मन्दिर), देवघाट पुलको मुख (गणेश मन्दिर, केदारेश्वर मन्दिर, बद्रीनाथ मन्दिर), देवपुर (साँढेबगर बौद्धगुम्बा) भुबराह मन्दिर (मणिमुकुन्देश्वर चक्रवर्ती आश्रम)को परिक्रमा गर्ने कार्यक्रम रहेको देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशक धिरनबाबु घिमिरेले जानकारी दिनुभयो । त्यस्तै चितवनतर्फ देवघाट बसपार्क (सङ्कल्पेश्वर महादेव मन्दिर, देछेन थर्वालिङ बौद्ध गुम्बा), विश्वशान्ति यज्ञशाला मन्दिर, राम मन्दिर, लक्ष्मीनारायण मन्दिर, राधाकृष्ण मन्दिर, सीताराम संस्कृत मावि, योगी नरहरिनाथ आश्रम गौशाला (बागेश्वरी मन्दिर), आपँटारी (दियालो बङ्गला चोक), पोखरा बसपार्क (गौरेश्वर शिव मन्दिर), नारायणगढ (हरिहर मन्दिर), नारायणगढ पुलचोक (दुर्गा मन्दिर) को परिक्रमा गरिने छ । नवलपुरतर्फ गैँडाकोट पुल्चोक (गोपेश्वर महादेव मन्दिर), मौलाकाली भगवती मन्दिर, सुकदेव भागवत आश्रम, रमानुज वेद आश्रम, राधाकृष्ण मन्दिर, दिव्यधाम मन्दिरको परिक्रमा गरिने घिमिरेले बताउनुभयो ।

उक्त महोत्सवअन्तर्गत देवघाटधामको पूर्ण परिक्रमा, सिद्ध हरिहर क्षेत्रको भ्रमण, मौलकाली भगवतीको दर्शन, धार्मिक पर्यटनको प्रवर्द्धन, दुर्लभ देव नदीको पुजन, धार्मिक नगरी नारायणगढको अवलोकन, रमणीय पर्वतको परिक्रमा तथा बैदिक सनातन धर्म र संस्कृतिको प्रचारप्रसारको कार्यक्रम छ । देवघाट क्षेत्र विकास समितिका निवर्तमान अध्यक्ष शिवराज पौडेलले देवघाट क्षेत्रको धार्मिक पर्यटन प्रबर्द्धनका लागि यो कार्यक्रम महत्वपूर्ण रहेको बताउनुभयो । कार्यक्रमको तयारीका लागि देवघाट क्षेत्र विकास समितिका अध्यक्ष बद्रीनाथ अधिकारीको अध्यक्षतामा सोमबार तयारी बैठक बसेको थियो ।

बैठकमा गलेश्वर आश्रमका पिठाधीश अनन्त श्री विभूषित महामण्डलेश्वर स्वामी आत्मानन्द गिरीजी महाराज, देवघाट गाउँपालिकाका अध्यक्ष दुर्गबहादुर थापालगायतका समितिका पूर्वअध्यक्ष, वडाध्यक्ष, राजनीतिक दलका स्थानीय प्रतिनिधि, विभिन्न सामाजिक, शैक्षिक सङ्घसंस्थाका प्रतिनिधिको उपस्थिति थियो ।

# काम गर्ने उपभोक्ता पाउनै गाह्रो

**पोखरापत्र संवाददाता**
**बागलुङ, १ मंसिर**

बागलुङको काठेखोला गाउँपालिका-७ स्थित रेशमा अघिल्लो आर्थिक वर्षमा कुकुरकाटे बगर दशमुरे स्थानीय सडक निर्माण भयो । वडा कार्यालयको योजना उपभोक्ता समितिमार्फत काम गर्दा साढे रु तीन लाखभन्दा धेरै खर्च आयो ।

विनियोजित रु तीन लाखले सडक बनाउने काम थालेको उपभोक्ता समितिले अन्तिम मूल्याङ्कनपछि रु दुई लाख मात्रै भुक्तानी पायो । लागत अनुमानमा उल्लेख भएअनुसारको काम नभएको जनाउँदै गाउँपालिकाले सबै भुक्तानी दिन मानेनन् । उपभोक्ता समितिको नेतृत्वमा रहेकाहरूबाटै सडक निर्माण गर्दा भएको खर्च टरे पनि उपभोक्ता समिति ऋणमा छ ।

सडक निर्माणका क्रममा जग्गामा विवाद भएपछि केही घुमाउरो सडक निर्माण भयो । तार जाली र ग्राभेलको स्टिमेट रहेको सडक माटो खन्ने काम मात्रै भएको थियो । यसैले उपभोक्ता समितिले डोजर लगाएर खनेको माटोको मात्रै भुक्तानी पायो । यो सडक निर्माणका लागि उपभोक्ता समितिको अध्यक्षमा बसेर काम गर्नुभएका प्रेम कुँवर अहिले अन्य योजनाको उपभोक्ता समितिमा बस्न मान्नुहुन्न । "योजना सुरु हुँदादेखि फरफारकसम्म दिनुपर्ने समय र गाउँपालिका आउँदाजाँदाको खर्च त छँदैछ काम गरेबापत खल्तीको पैसा हाल्नुपरेको छ, त्यसैले उपभोक्ता समितिमा बस्नै मान्नुहुन्न," वडाध्यक्ष प्रेम लामिछानेले भन्नुभयो, "उपभोक्ता समितिमार्फत गर्नुपर्ने काम समयमा सक्न निकै कठिन हुने गरेको छ।" यो समस्या काठेखोला गाउँपालिकाका सबै वडा मात्रै होइन, जिल्लाका सबै स्थानीय तहमा रहेको समस्या हो । उपभोक्ता समितिमा बस्नेले पुऱ्याउनुपर्ने प्रक्रिया झन्झटिलो, योजना सम्झौता र फरफारकसम्मका प्रक्रिया खर्चिलो र योजनामा अन्य कुनै खर्च समावेश गर्न नपाइने भएकाले उपभोक्ताको चासो कम भएको जनप्रतिनिधिहरू बताउँछन् । "नगरौँ भने आफ्नै दैलाको काम गरौँ भने खर्च धानिनसक्नु छ, तैपनि जनतन काम गरेकै छन्," बागलुङ नगरपालिका-१२ का अध्यक्ष गुरुदत्त पाठक भन्नुहुन्छ, "काम रोकिएका त छैनन् उपभोक्ताले जाँगरले काम गर्दैनन् ।"

लागत अनुमान र भूगोल तथा कामको प्रकृति फरक पर्दा समितिले दुःख पाउने भएकाले पनि उपभोक्ताको योजनामा कम चासो छ । कागजी प्रक्रिया झन्झटिलो हुँदा थप समस्या हुने गरेको वडाध्यक्षहरू बताउँछन् । "थोरै स्रोत साधनबाट धेरै काम गर्नुपर्नेछ, भएका कामहरूको गुणस्तर कम नहोस् भनेर प्राविधिक शाखाले कडाइ गर्नु स्वाभाविक हो," बरेङ गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्माले भन्नुभयो, "गुणस्तरमा सुधार गर्न खोज्दा उपभोक्ता अनुदार हुने समस्या छ, कतिपय योजनाका काम उपभोक्ता समितिमा बस्नेहरू नभएकै कारण योजना नै प्रभावित हुने अवस्था छ।" पछिल्लो पटक स्थानीय तहले बनाएका कार्यविधिका कारणले पनि उपभोक्ता समितिमा बस्नेहरू कम भएका हुन् । एउटा योजनामा रहेका उपभोक्ता अर्को समितिमा बस्न पाउँदैनन् । प्रक्रिया पूरा गर्ने दक्षता सबैमा नहुने र जाने बुझेका कुनै एक योजनामा रहँदा अर्को योजनाका लागि उपभोक्ता नै नपाइने समस्या रहेको वडाध्यक्ष लामिछाने बताउनुहुन्छ । प्रदेश, सङ्घ र स्थानीय तह तथा अन्य विषयगत कार्यालयका योजनामा समेत एकै वडामा धेरै उपभोक्ता समिति गठन गरेर काम गर्नुपर्ने अवस्था छ। एउटै गाउँमा रहेका धेरै योजनाका लागि फरक फरक नेतृत्व प्रदान गर्न कठिन हुने गरेको हो ।

# धार्मिक आस्थाको केन्द्र बन्दै थानीमाई मन्दिर

– कृष्ण न्यौपाने
दमौली, १ मंसिर

तनहुँको भानु नगरपालिका-७ स्थित थानीमाई मन्दिर धार्मिक आस्थाको केन्द्रका रूपमा विकसित हुँदै गएको छ। मनोकाङ्क्षा पूरा हुने धार्मिक विश्वासका साथ यहाँ देशका विभिन्न जिल्लाबाट भक्तजन आउने गरेका छन् ।

थानीमाई मन्दिर संरक्षण समितिका अध्यक्ष जीवन थापा मगरले तनहुँका अलवा चितवन, गोरखा, लमजुङ, नवलपुर, काठमाडौँलगायतका जिल्लाबाट भक्तजन यहाँ आउने गरेको जानकारी दिनुभयो। “थानीमाईमा पूजाअर्चना गरे मनले चिताएको पूरा हुने धार्मिक विश्वास छ, त्यही कारण आज यस ठाउँ धार्मिक आस्थाको केन्द्रका रूपमा विकास भइरहेको छ”, थापाले भन्नुभयो।

प्रत्येक वर्ष कात्तिकको मङ्गलबार थानीमाई मन्दिरमा भक्तजनले फूलको डोली चढाउने गर्दछन् । कात्तिकको प्रत्येक मङ्गलबार मन्दिरमा फूलको डोली चढाउन सर्वसाधारणको भीड लाग्ने गर्दछ । फूलको डोली चढाउनाले मनको इच्छा पूरा हुने धार्मिक विश्वास रहिआएको थापाको भनाइ छ । यस वर्ष कात्तिकमा मन्दिरमा २२५ फूलको डोली भित्रिएको छ। कात्तिकको मङ्गलबार मात्रै मन्दिरमा करिब २० हजार भक्तजनले पूजाअर्चना गरेका छन् । मन्दिरमा रातभर जागाराम बसेर बत्ती बाल्ने प्रचलन छ । कात्तिकको पहिलो मङ्गलबार १८, दोस्रो मङ्गलबार ५५, तेस्रो मङ्गलबार २८, चौथो मङ्गलबार ९२ र पाँचौं मङ्गलबार ३२ फूलको डोली भित्रिएको छ।

सोमबार सत्यनारायणको पूजा गरी फूलको डोली तयार गर्ने र थानीमाई मन्दिरमा डोली चढाउने परम्परा छ । थानीमाई मन्दिरमा कात्तिकसँगै मङ्सिर र माघमा समेत भक्तजनको भीड लाग्छ । डोली चढाउन छिमेकी जिल्ला गोरखा, लमजुङ, कास्कीका अलवा चितवन, नवलपरासी र काठमाडौँबाट भक्तजन आउने गरेका छन् । मन्दिरमा साउन महिना, एकादशी र औंसीबाहेकका दिनमा पूजाअर्चना हुँदै आएको छ।

पछिल्ला वर्षहरूमा थानीमाई पुग्न सडक निर्माण गरिएको छ । सडक खुलेपछि भक्तजनको सङ्ख्या बढ्न थालेको थापाले बताउनुभयो । भक्तजन फूलको डोली र पञ्चैबाजासहित थानीमाई मन्दिरको तीनपटक नाचगान गर्दै परिक्रमा गर्दछन् । परिक्रमापछि माथि थुम्कामा रहेको मन्दिर परिसरमा रहेका देवलमा डोलीसँगै लगिएको तोरणलाई तीन फन्का घुमाएर बाँध्ने गरिन्छ। त्यसपछि मन्दिरभित्र प्रवेश गरी आफ्नो मनोकामना भाकल पूरा भएको भन्दै पूजाअर्चना गरिन्छ। बाजागाजा र ध्वजापताकासहित थानीमाईको जयजयकारले वसन्तपुर क्षेत्र गुञ्जिने गरेको छ।

समुद्र सतहबाट एक हजार २०० मिटर उचाइमा अवस्थित यहाँबाट गोरखाको लक्ष्मी बजार, लिगलिग कोट, पालुङटार, राइनासकोटलगायत हिमशृङ्खलाका दृश्य देख्न सकिन्छ। विसं २०७२ वैशाख १२ गतेको भूकम्पबाट क्षति पुगेको मन्दिरको पुनःनिर्माण भइसकेको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्राप्त रु १४ लाख र मन्दिरको भेटीबाट सङ्कलित रु छ लाखको लागतमा मन्दिर पुनःनिर्माण गरिएको हो।

विसं १८२५ देखि उक्त मन्दिरमा पूजाअर्चना सुरु भएको स्थानीयवासी बताउँछन् । विसं १८२५ मा मन्दिर भएको ठाउँमा भोटिनी आमाछोरी हावाहुरी चलेपछि एक रुखमा ओत लाग्दा त्यहाँबाट अर्न्तध्यान भएको किंवदन्ती छ । सोही समयदेखि उक्त स्थानमा पूजाअर्चना सुरु भएको स्थानीयवासी बताउँछन् ।

# जनगणनामा समावेश नहुने कायत समुदायको घोषणा

– खेमराज गौतम
बागलुङ, १ मंसिर (रासस)

पहिचानविहीन रहेका बागलुङका कायत समुदायले जनगणनामा समावेश नहुने घोषणा गरेका छन् ।

राज्यले पहिचान नदिएर बेवास्ता गरेको भन्दै जनगणना २०७८ मा समावेश नहुने कायत समुदायले निर्णय गरेको छ। कायत समुदाय पहिचानविहीन बन्दा सबै सेवासुविधाबाट वञ्चित हुनु परेको उनीहरूले गुनासो छ।

जातीय आधारमा जनजाति र दलितलगायतको पहिचानका आधारमा सरकारले धेरै स्थानमा छुट, आरक्षण तथा कोटा निर्धारण गरी निःशुल्क अध्ययन, छुटमा अध्ययन तथा रोजगारीमा आरक्षण दिँदै आए पनि पहिचानविहीन यहाँको नौथर समुदायभित्रका कायत समुदाय पहिचानविहीन बनेका र हालसम्म राज्यले कुनै सुनुवाइ नगरेका कारण जनगणनामा समावेश नहुने निर्णयमा पुगेको कायत एकता समाजका अध्यक्ष नीमबहादुर कायतले जानकारी दिनुभयो।

बागलुङको ढोरपाटन नगरपालिका-७ बोबाङका कायत समुदायले पहिचान नपाउँदा आफूहरू उपेक्षामा परेको बताउँदै विरोधस्वरुप जनगणनामा समावेश नहुने कायत समुदायले निर्णय गरेका छन् । “हामीलाई राज्यले बेवास्ता गऱ्यो, पटक-पटक नगरपालिका र जिल्ला प्रशासनमा पहिचानका विषयमा मुद्दा उठाए पनि सुनुवाइ नभएका कारण राज्यले हामीलाई बेवास्ता गरेका कारण राज्यको तथ्याङ्कमा समावेश नहुने कायत समुदायले निर्णय गरेका छौँ”, नीमबहादुर कायतले भन्नुभयो, “जातको पहिचान नहुँदा अध्ययन तथा रोजगारीमा समेत समस्या हुँदै आएको छ, तर राज्यले १०० भन्दा बढी जातजातिलाई जातीय पहिचान दिए पनि हामी थोरै भएकालाई पहिचान दिएको छैन।” नेपालभर कात्तिक २५ गते देखि राष्ट्रिय जनगणना २०७८ जारी छ। तीन वर्षअघि कायत समुदायको पहिचानको विषयमा सङ्घीय संसद्मा समेत कुरा उठे पनि छलफल हुन सकेको थिएन।

राज्यले पहिचानविहीन बनाएका कारण कायत समुदायले जनगणनामा समावेश नहुने जनाएको छ । जातीय आरक्षणका कारण धेरै युवाले अध्ययनमा छात्रवृत्ति तथा रोजगारीमा कोटा पाउँदै आए पनि पहिचानविहीन बनेको नौ थर समुदायभित्रको कायत समुदाय पहिचानविहीन बन्दा रोजगारीसमेत पाउन मुस्किल भएको स्थानीयवासी विश्वास कायतले जानकारी दिनुभयो । उहाँले जनगणनामा मात्रै हैन, आगामी दिनमा कायत समुदायले मतदानसमेत नगर्ने अवस्थामा पुगेको जानकारी दिनुभयो । ढोरपाटनमा कायत समुदायका ८० घर छन्। उनीहरूले कायत समुदायलाई अल्पसङ्ख्यक समुदायमा राज्यले सूचीकृत गर्नुपर्ने बताउँदै आएका छन् । कतिपयले सेवासुविधा र रोजगारीका लागि कायत समुदाय जनजाति त कतिले क्षेत्री भएको उल्लेख गर्दै आएका छन् । तीन वर्षअघि सामाजिक सुरक्षाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक नौथर समुदायभित्र पर्ने ‘कायत’ समुदायलाई लोपोन्मुख समुदायमा सूचीकृत गरी सामाजिक सुरक्षा प्रत्याभूति गर्न संशोधन प्रस्ताव दर्ता गरी छलफल अगाडि बढाइएको भए पनि कायत समुदायले पहिचान पाउन सकिरहेका छैनन्।

नौथर समुदायभित्रका पसाइ र पुजाय थर लोप भइसकेको अवस्थामा राज्यले पहिचान दिन नसके कायत जस्ता नौथरभित्रका समुदायसमेत लोप हुने अवस्थामा छन् । कायतलाई लोपोन्मुख जातिका रूपमा सूचीकृत गरी राज्यले छुट्टै व्यवस्थापन गर्न आवश्यक रहेको मानव अधिकारकर्मी राम शर्माको भनाइ छ। जनगणनामा समावेश भएपछि मात्रै अधिकार पाइने भएकाले बहिष्कार गरेर समस्याको समाधान नहुने जिल्ला तथ्याङ्क कार्यालय बागलुङका प्रमुख मुकुन्द शर्माले जानकारी दिनुभयो।

# ‘ए’ डिजिभन लिग फुटबललाई पुन :कतार एयरवेजले प्रायोजन गर्ने

रासस
तनहुँ, १ मंसिर

अखिल नेपाल फुटबल सङ्घ (एन्फाले) यस सिजनको शहीद स्मारक ‘ए’ डिभिजन लिग फुटबल प्रतियोगिताको लागि कतार एयरवेजसँग प्रायोजन सम्झौता नवीकरण गरेको छ।

(एन्फाका अध्यक्ष कर्माछिरिङ शेर्पा र कतार एयरवेजका कन्ट्री म्यानेजर मोहम्मद इल इमानले सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो। सम्झौताअनुसार कतार एयरवेज थप एक वर्षका लागि लिगको प्रायोजन गर्ने भएको छ । कतार एयरवेजले अघिल्लो संस्करणको लिगमासमेत मुख्य प्रायोजकको रूपमा प्रायोजन गरेको थियो । यही मङ्सिर ३ गतेदेखि आयोजना हुने ‘ए’ डिभिजन लिगमा विभिन्न १४ टोली सहभागी छन् । यसमा त्रिभुवन आर्मी फुटबल क्लब, एपिएफ फुटबल क्लब, मछिन्द्र फुटबल क्लब, सङ्कटा फुटबल क्लब, नेपाल पुलिस फुटबल क्लब र हिमालयन शेर्पा फुटबल क्लब छन्।

त्यसैगरी सातदोबाटो फुटबल क्लब, मनाङ मर्स्याङदी फुटबल क्लब, थ्रि स्टार फुटबल क्लब, एनआरटी फुटबल क्लब, फ्रेण्ड्स फुटबल क्लब, च्यासल युथ क्लब, जावलाखेल युथ क्लब र बिग्रेड ब्वाइज फुटबल क्लब छन् । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुने उद्घाटन खेलमा सातदोबाटो युथ क्लब र फ्रेण्ड्स क्लबबीच प्रतिस्पर्धा हुनेछ। उक्त प्रतियोगिताको खेलको लागि साधारणतर्फ टिकट दर रु एक सय र भीआइपीतर्फ रु पाँच सय मूल्य निर्धारण गरिएको छ। यसपटक अन्तिम स्थानमा रहने दुई टोली रेलिगेसनमा पर्नेछन्। लिग बिजेता टोलीले रु ७५ लाख तथा उपविजेताले रु ५० लाख पाउनेछ।

# खेतमै विज्ञ पाएपछि किसान हर्षित

पोखरापत्र संवाददाता
वालिङ, १ मंसिर

धान काटेर थन्क्याएपछि आलु लगाउने बेला हो यो । अहिले किसान आलु लगाउने खेतको तयारी गरिरहेका छन्। तर कतिपयमा आलु कसरी लगाउने, कुन जातको लगाउने, कसरी खन्ने, बीउ कुन अवस्थाको भएपछि लगाउने भन्ने पूर्ण ज्ञान नभएकाले आशा गरिएअनुरुप उत्पादन नहुने भएकाले उत्पादनमा जोड दिनका लागि खेतमै आलु विज्ञमार्फत प्रयोगात्मक ज्ञान दिइएको छ।

नेपाल कृषि अनुसन्धान परिषद (नार्क) का पूर्व वरिष्ठ वैज्ञानिक तथा आलु विज्ञ डा भीमबहादुर खत्रीले किसानका खेतमै पुगेर आलु खेतीकाबारेमा प्रयोगात्मक ज्ञान दिनुभएको हो । स्याङ्जाको वालिङ नगरपालिकाभित्रका किसानले समूहमा र व्यक्तिगतरूपमा आलुखेती गर्दै आएका छन्।

सामूहिक वा व्यक्तिगतरूपमा आलुखेती गर्नेका लागि वालिङ नगरपालिका, युएनडिपी नेपालको साझेदारी तथा दियालो संस्थाको व्यवस्थापनमा वालिङमा सञ्चालन भइरहेको ‘कोभिड-१९ उद्धार र सामाजिक आर्थिक प्रतिकार्य पहल परियोजना’ अन्तर्गत व्यावसायिक तालीम खेतीसम्बन्धी जानकारी दिने उद्देश्यले खेतमै पुगेर प्रयोगात्मक तालिम दिइएको हो।

“यहाँका किसानले सामूहिक र व्यक्तिगतरूपमा आलुखेती गर्दै आउनुभएको छ”, परियोजना वालिङका प्रमुख राधाकृष्ण डुम्रेले भन्नुभयो,“परम्परागत तबरलेनिर्वाहमुखीरूपमाआलुखेती गर्दै आउनुभएका किसानलाई व्यावसायिक बन्नका लागि प्रयोगात्मक सिकाइ निक्कै लाभदायी भएको महसुस गरेको छु ।” किसानले आलु लगाउनका लागि तयार पारेको खेतमै पुगेर विभिन्न पाँचवटा सहकारी संस्थाका किसान तथा व्यवसायिकरूपमा आलु उत्पादनतर्फ उन्मुख भएका ५० जना किसानले यसबाट लाभ लिएका परियोजना प्रमुख डुम्रेले बताउनुभयो । वालिङ ६ मिर्दीका किसान आलु विज्ञलाई आफ्नै खेतमा पाउँदा निक्कै खुसी देखिनुहुन्थ्यो । यहाँका महिलाले गतिशील किसान समूह गठन गरी केही वर्ष पहिलेदेखि सामूहिकरूपमा आलु, काउली, बन्दालगायतका मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्दै आएका छन्। “गतवर्ष पनि हामीले समूहमार्फत आलुखेती गरेका थियौं”, समूहका संयोजक शान्ति तिवारीले भन्नुभयो, “हामीले जसरी जान्यौं त्यसरी नै लगाउने गरेका थियौं पूर्ण ज्ञानको अभावमा भनेजति उत्पादन लिन सकेका थिएनौं, अहिले भने आलु विज्ञमार्फत खेतमै प्रयोगात्मक विधि जान्ने अवसर प्राप्त भयो, जसका कारण हामी निक्कै खुसी छौं ।” वालिङ नगरपालिका, युएनडिपी नेपाल र दियालोको सहयोगमा गतवर्ष पनि वालिङका विभिन्न ठाउँमा समूह तथा सहकारीमार्फत आलुखेती गर्नेका लागि शतप्रतिशत अनुदानमा आलुको बीउ उपलब्ध गराइएको थियो । उक्त समूहले गतवर्ष उत्पादन गरेको आलु वर्गिकरण गरी बीउका लागि छुट्याएर अरु आलु बिक्री गरेको थियो । यहाँ उत्पादन भएको आलुलाई शीतभण्डारमा सुरक्षित राखेर फेरि सोही आलुलाई बीउका रूपमा प्रयोग गरिएको संयोजक तिवारीको भनाइ थियो।

# कारागारभित्रै जनगणना

पोखरापत्र संवाददाता
दमौली, १ मंसिर

जिल्ला जनगणना कार्यालय तनहुँले जिल्ला कारागारमा रहेका कैदीबन्दीको जनगणना गरेको छ । कारागारमा रहेका कैदीबन्दीको जनगणनाका लागि कार्यालयले तथ्याङ्क सङ्कलन गरेको हो।

जनगणनाका लागि कैदीबन्दीको पालैपालोसँग विवरण सङ्कलन गर्ने व्यवस्था मिलाइएको कारागारका सूचना अधिकारी नारायण अधिकारीले जानकारी दिनुभयो। कारागारमा हाल २७६ कैदीबन्दी छन्। सबैको जनगणनाका लागि तथ्याङ्क लिइनेछ। एउटै परिवारभित्र बसोबास नगर्नेलाई परिवारको सदस्य नमानिने भएकाले कैदीबन्दीको छुट्टै जनगणना गरिने जिल्ला जनगणना कार्यालयका प्रमुख नन्दलाल सापकोटाले बताउनुभयो। “एकै परिवारभित्र अक्सर बसोबास नगर्ने र भान्सामा खाना नखानेलाई कानूनी रुपले परिवारका सदस्य नमानिने भएकाले उनीहरूको छुट्टै गणना गर्ने व्यवस्था मिलाइएको छ”, सापकोटाले भन्नुभयो, “लामो समयदेखि घरभन्दा बाहिर रहनेलाई संस्थागत घरपरिवारको रूपमा गणना गर्ने गरिन्छ।”

सापकोटाका अनुसार नेपाली सेना, नेपाल प्रहरी, कारागारमा रहेका कैदीबन्दी र वृद्धाश्रममा रहेकाको जनगणना सम्बन्धित कार्यालय र कारागारभित्रै गर्ने व्यवस्था मिलाइएको छ । नेपाली सेनाको खैरेनीटार र चापाघाट ब्यारेकका लागि सेनाभित्रकै कर्मचारीलाई गणकको रूपमा नियुक्त गरिएको छ भने कैदीबन्दीको विवरण सङ्कलनका लागि बाहिरी मान्छेलाई गणकको रूपमा नियुक्त गरिएको छ। राष्ट्रिय जनगणनाका लागि गत कात्तिक २५ गतेबाट जिल्लाभर गणक परिचालन भएका छन् । तथ्याङ्क सङ्कलनका लागि गणक घरदैलोमा पुगेका छन् । यहाँ जनगणनाका लागि ४९० गणक परिचालन गरिएको छ। मङ्सिर ९ गतेसम्म जनगणना सञ्चालन हुनेछ।

जनगणनाका लागि गणकमार्फत् प्रत्येक घरपरिवारमा पुगी प्रश्नावलीमार्फत् पारिवारिक विवरण तथा व्यक्तिको जन्म, मृत्यु, बसाइसराइलगायतका विवरण सङ्कलन गरिनेछ। दोस्रो चरणको गणना अन्तर्गत नै सबै स्थानीय तहका प्रत्येक वडा कार्यालयबाट वडास्तर सामुदायिक प्रश्नावलीमार्फत् वडाको आधारभूत स्रोतसाधन, पहुँच, क्षमता, पूर्वाधार र विपद्सम्बन्धी विवरण पनि सङ्कलन गरिने छ । सोही क्रममा घरपालुवा पशुपक्षीको विवरण पनि सङ्कलन हुनेछ । जनगणनाबाट वडास्तरसम्मको लैङ्गिक तथा समावेशी तथ्याङ्क प्राप्त हुने भएकाले विकास निर्माणका काम तथा लक्षित वर्गका कार्यक्रम तर्जुमा गर्न तथा नीति र योजना बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । त्यस्तै बाटोघाटो, पुल, विद्यालय, उद्योगधन्दा, स्वास्थ्य सेवा, खानेपानी, बिजुली, सिँचाइ, खाद्यान्न आपूर्ति, बसोबासको व्यवस्था, विकास बजेटको बाँडफाँड, सामाजिक सुरक्षा कार्यक्रम तर्जुमा र मानव विकास प्रक्रियामा पछाडी परेका समुदायको उत्थानका कार्यक्रम सञ्चालन गर्न तथा संविधानको मौलिक हकलगायत अन्य हकको कार्यान्वयन र मूल्याङ्कन गर्न आवश्यक तथ्याङ्क प्राप्त हुने हुँदा जनगणनाको महत्व रहेको छ।

# मनोरोगीको स्वास्थ्य सेवामा तल्लीन २० वर्षीया नर्स

पोखरापत्र संवाददाता
बागलुङ, १ मंसिर

बागलुङ नगरपालिका-६ का स्वास्थ्यकर्मी पुजन आचार्यले आंशिक रूपमा मानवसेवा आश्रममा डेढवर्ष अघिदेखि जागिर थाल्नुभयो। आश्रममा रहेका मनोरोगी तथा दीर्घरोगीलाई लक्षित गरी सञ्चालनमा ल्याइएको स्वास्थ्य शाखामा आचार्यले जागिर गर्नुभयो । उहाँले सुरुका दुई महिना रु १० हजारका दरले तलबसमेत बुझ्नुभयो।

दुई महिना काम गर्दा आश्रमको विषयमा बुझ्ने मौका पाएपछि आफूमा मानवीय सेवा भाव पैदा भएकाले तलब बुझ्न छोडेको नर्स आचार्य बताउनुहुन्छ । “आश्रममा जोडिए, यहाँको मानवसेवा प्रतिको नागरिकको भावनाका विषयमा जानकारी पाएँ, त्यसैले निःशुल्क स्वास्थ्यसेवा दिन थालेकी हुँ”, आचार्यले भन्नुभयो, “डेढवर्ष जति भयो यहाँ स्वास्थ्यसेवा दिन थालेको, अब बागलुङ बसुञ्जेल आश्रममा यसरी नै स्वास्थ्यसेवा दिन्छु।” उहाँले छ महिनादेखि करारमा धौलागिरि अस्पतालमा जागिर गर्नुभएको छ । ड्युटी बाहेकको समयमा बिहानबेलुका आश्रममा आएर सेवा दिएको आचार्यको भनाइ छ। आचार्यले दिउँसो अथवा राति अस्पतालमा जागिर खाए पनि बिहानबेलुका मनोरोगी तथा दीर्घरोगीलाई औषधि खुवाउन आश्रममा आइरहनुभएको छ।


नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, पोखरा

घर भाडामा लिने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/०८/०२

यस स्थानीय पूर्वाधार विकास आयोजना कार्यालयको गुणस्तर परिक्षण प्रयोगशाला र भण्डारण प्रयोजनका लागि घर भाडामा लिनुपर्ने भएकोले देहाय बमोजिमको सुविधा भएको सम्बन्धित घर धनीले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफूले भाडामा दिन चाहेको मासिक घरभाडा कबोल अङ्क (कर समेत) उल्लेख गरी स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, शहिदचोक (जिल्ला समन्वय समितिको परिसर)को कार्यालयमा घरले चर्चेको जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा), न.पा.बाट स्वीकृत भएको घरको नक्सा, घर जग्गा कर तिरेको निस्सा, निर्माण सम्पन्न प्रतिवेदन, नागरिकताको प्रतिलिपि सहित सिलबन्दी निवेदन पेश गर्नुहुन सुचित गरिन्छ ।

विवरणः
१. क्षेत्रः जिल्ला समन्वय समितिको कार्यालय, कास्कीको ३ कि.मी. भित्र ।
२. क्षेत्रफलः न्युनतम २००० वर्ग फुटसम्मको फ्लोर एरिया भएको वा कम्तिमा १२ कोठा भएको ।
३. भवनको प्रकारः आर.सि.सि. भवन ।
४. कम्तीमा ३ (तीन) वटा हलुका सवारी साधन र ५ (पाँच) मोटर साईकल पार्किङ गर्न मिल्ने सुविधा भएको ।
५. पानी, बिजुली, शौचालयको पर्याप्त सुविधा भएको ।
६. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४(४) बमोजिम समितिले निर्धारण गरेको दररेटमा मात्र घर जग्गा भाडामा लिईने ।
७. अन्य जानकारीको लागि यस कार्यालय वा टेलिफोन नं. ०६१-५९०२९२ मा सम्पर्क गर्न सकिने छ ।